


# भ्यागुताको झिलिमिली तारा छुने चाहना

Sheesh Pal

Proiti Roy

Let's Read


The Asia Foundation



भ्यागुतोलाई ताराहरू हेर्न मन पर्थ्यो । उनी उफ्रेर तिनीहरूलाई छुन चाहन्थे । एक रात, उनले जसरी भए पनि ताराहरूलाई छुने अठोट गरे !



उनी एउटा ठूलो चट्टानमा चढे, अनि ताराहरूलाई छुन खोजे । तर उनले ताराहरूलाई छुन सकेनन् । ताराहरू निक्कै निक्कै टाढा थिए ।




अनि, उनले एउटा थुम्को देखे । उनी त्यो थुम्कोमा चढे । उनले आफ्नो हात तन्काए तर ताराहरू अझै पनि उनीभन्दा टाढा थिए ।



भ्यागुतोले नजिकै एउटा नरिवलको रुख देखे । त्यो रुख निकै अग्लो थियो । त्यहाँबाट चाहिँ ताराहरू छुन सकिन्छ भन्ने विचार उनले गरे ।



उनी त्यो रुख चढ्न थाले । उनी निकै गाह«ोसँग रुख चढे ।



उनले आफ्ना हात तन्काए ... तर ताराहरू अझै पनि उनले ताराहरू छुन सकेनन् ।



उनी निराश भए । उनले उँधोमुन्टो लाए । उनको मुटु डरले अलि अलि काम्यो ।



उनले आफ्नो एउटा हात छातिमा राखे र आफैलाई भने, "म डराउँदिनँ ! यो काम म गर्न सक्छु !"



त्यसपछि उनले एउटा पोखरी देखे । ताराहरू पानीमा टल्किरहेका थिए ।



उनले ती ताराहरूलाई एकोहोरो हेरे र रमाए । उनी पोखरीमा हामफाले ।



उनी जति पोखरीको नजिक पुगे, त्यति नै उनलाई ताराहरूको नजिक पुगे जस्तो भयो ।



छ्याप्लाङ्ङ ! उनी पानीको सतहमा थोक्किए ।



उनी पोखरीबाट बाहिर निस्किए र किनारामा बसे ।



उनी त्यहीँ बसेर पोखरीमा टल्किरहेका ताराहरू हेरिरहे ।

Brought to you by

The Asia Foundation

Let's Read is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*Frog's Starry Wish*, Author: Sheesh Pal. Illustrator: Proiti Roy. Published by Room to Read, © Room to Read. Released under CC-BY-4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2020. Some rights reserved. Released under CC-BY-4.0.
Contributing translators: Basmati Rana, Pushkar Mathema, and Shameera Shrestha